# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, चैत १९ गते २०३३ साल [ अतिरिक्ताङ्क ४८ (क)


श्री ५ को सरकार

### भूमिसुधार मन्त्रालयको

### सूचना

कोशी टप्पुको खड्ग निशानाले पाएको जग्गा दर्ता गर्न श्री ५ को सरकारले मिति २०३३।११।१२ को निर्णयबमोजिम भूमिसुधार सहायक मन्त्री श्री मरिचमान सिंहको अध्यक्षतामा देहायका सदस्य रहेको उच्चस्तरिय आयोग गठन गरेको छ।

१. आयोगको गठनविधिः–

(क) भूमिसुधार सहायक मन्त्री श्री मरिचमान सिंह – – –अध्यक्ष

(ख) रा. पं. स. श्री होमबहादुर श्रेष्ठ – – – –सदस्य

(ग) क्षेत्रीय न्यायाधीश, श्री गजेन्द्रकेशरी वास्तोला – – –सदस्य

(घ) सह–अञ्चलाधीश कोशी अञ्चलाधीश कार्यालय – – –सदस्य

(ङ) प्र. जि. अ. सुनसरी – – – – –सदस्य

(च) भूमि प्रशासक, सुनसरी – सदस्य–सचिव


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9623

२. आयोगले गर्नु पर्ने कार्यहरूः–

(क) आयोगले सम्बन्धित जिल्लामा गै कार्य प्रारम्भ गरेको मितिले ३ महीना–को कार्यावधि तोकिएको छ ।

(ख) आयोगको इजलाश आवश्यकतानुसार बिराटनगर र सुनसरीमा कायम गर्न सकिनेछ ।

आज्ञाले–
वासुदेव प्याकुरेल
श्री ५ को सरकारको सचिव

1028